## प्रदेश सरकार

## प्रदेश नं. ३ को

# प्रदेश समन्वय परिषद् बैठकको प्रतिवेदन

## बैठक मितिः २०७६ जेष्ठ २९ र ३० गते

## स्थानः हेटौंडा, मकवानपुर



<u>प्रतिवेदन तयार गर्ने</u>

१. निर्मला थापा- उपसचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
२. मदन प्रसाद पोखरेल- अधिकृत, नवौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
३. अनुप ढकाल- अधिकृत, अधिकृतस्तर सातौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
४. महेश आचार्य - अधिकृत, अधिकृतस्तर सातौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार

## प्रदेश नं. ३ को

# प्रदेश समन्वय परिषद् बैठकको प्रतिवेदन

बैठक मितिः २०७६ जेष्ठ २९ र ३० गते

स्थानः हेटौंडा, मकवानपुर

# प्रतिवेदनको कार्यकारी सारांश

संविधानसभाबाट विक्रम सम्बत २०७२ मा जारी भएको नेपालको संविधानले राज्यको अधिकारलाई संघ प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गर्यो ।यसै अनुरुप तिनै तहको निर्वाचन पश्चात संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार गठन भई क्रियाशील छ ।

संवैधानिक प्रावधान अनुसार नेपालमा ७ प्रदेश रहेका छन् । हालसम्म दुईवटा प्रदेशको नामाकरण भइसकेको छ भने प्रदेश नं. ३ सहित अन्य प्रदेशको नामाकरण हुन बाँकि छ ।

प्रदेश सरकारलाई क्रियाशील गराउने क्रममा प्रदेश नं. ३ मा झण्डै तीन दर्जन कानुनहरु तर्जुमा भएका छन् । प्रदेश सरकारलाई चलायमान गराउन केही सघीय कानुनहरु समेत तर्जुमा भएका छन । संघीय सरकारद्वारा तर्जुमा गरिएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ को उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न प्रदेश समन्वय परिषद रहने उल्लेख छ । सम्बन्धित प्रदेशका मुख्यमन्त्रीज्यूको संयोजकत्वमा गठन हुने प्रदेश समन्वय परिषद्को बैठक उल्लिखित दफाको उपदफा (४) बमोजिम वर्षमा एक पटक बस्नु पर्ने प्रावधान रहेको छ । सोही मुताविक मिति २०७५ जेठ ७ र ८ गते प्रदेशको अस्थायी राजधानी हेटौंडामा प्रदेश समन्वय परिषद्को पहिलो बैठक सम्पन्न भएको थियो ।

ऐनमा भएको व्यवस्था बमोजिम परिषद्को दोस्रो बैठक यहि मिति २०७६ जेष्ठ २९ र ३० गते हेटौंडामा नै आयोजना गरियो । दुईदिने सो बैठकमा मूलतः उद्घाटन सत्र र कार्यक्रम सत्रको आयोजना गरिएको थियो । कार्यक्रमको संचालन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्का अधिकृत श्री भोला दाहालले गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन मुख्यमन्त्री मा. डोरमणि पौडेलले गर्नुभएको थियो भने प्रदेश सरकारका प्रमुख सचिव श्री आनन्दराज ढकालले कार्यक्रममाथि संक्षिप्त प्रकाश पार्नुका साथै सहभागीहरुलाई स्वागत गर्नुभएको थियो । उद्घाटन सत्रपश्चात मा. मुख्यमन्त्रीज्यूको शारिरिक अस्वस्थताका कारण कार्यक्रम सत्रको अध्यक्षता आन्तरिक मामिला तथा कानुन मन्त्री श्री शालिकराम जम्कट्टेलले गर्नुभएको थियो ।

कार्यक्रम सत्रमा विज्ञहरुद्वारा कार्यपत्र प्रस्तुती भएको थियो । कार्यपत्र प्रस्तुत गर्नेमा प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष श्री बालानन्द पौडेल, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. खिमलाल देवकोटा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सचिव श्री ढुण्डी प्रसाद

निरौला, अधिवक्ता श्री खिमलाल देवकोटा र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव श्री विर बहादुर राई हुनुहुन्थ्यो । प्रस्तुतीपछि कार्यपत्रहरुमाथि छलफल भएको थियो । साथै, सहभागीहरुको तर्फबाट प्रदेशका १३ वटा जिल्लाहरुबाट जिल्ला अन्तर्गतका स्थानीय तहको प्रतिनिधित्व गर्ने गरी एक एक जनाले प्रस्तुती गर्नुभएको थियो । यसको अलावा, जिल्ला समन्वय समितिहरुको प्रतिनिधित्व गर्दै एकजना, नगरपालिका महासंघको तर्फबाट एकजना र गाउँपालिका महासंघको तर्फबाट एकजनाले पनि प्रस्तुती गर्नुभएको थियो ।

सबै प्रस्तुतीपछि बैठकले निर्णयको रुपमा ३७ बुँदे साझा प्रतिवद्धतापत्र पारित गरेको थियो । कार्यक्रमको समापन हुनुअघि बैठकका सहभागी लगायत सम्बन्धित सबैलाई मुख्यमन्त्री तथा मन्त्रीपरिषद्का सचिव श्री लक्ष्मी प्रसाद गौतमले धन्यवाद दिनुभएको थियो । सोपश्चात कार्यक्रमका अध्यक्षबाट मन्तव्यसहित कार्यक्रमको समापन भएको थियो ।

# बिषय सुची


प्रतिवेदनको कार्यकारी सारांश ................ ३

परिच्छेद एक ................ ७

१.१ पृष्ठभूमि र बैठकका उद्देश्यहरू ................ ७

१.२ प्रतिवेदन तयारीमा अवलम्बन गरिएको विधि ................ ७

१.३ प्रतिवेदन तयारीको सीमा ................ ७

परिच्छेद दुई ................ ८

२.१ बैठकका क्रियाकलापहरुः पहिलो दिन ................ ८

२.१.१ उद्घाटन सत्र ................ ८

२.१.२ कार्यक्रम सत्र ................ १०

२.३ सहभागिहरुको जिज्ञासा तथा सुझावहरु ................ १२

२.३.१ काठमाडौं ................ १२

२.३.२ काभ्रेपलाञ्चोक ................ १३

२.३.३ चितवन ................ १४

२.३.४ दोलखा ................ १५

२.३.५ धादिङ ................ १६

२.३.६ नुवाकोट ................ १७

२.३.७ भक्तपुर ................ १७

२.३.८ मकवानपुर ................ १९

२.३.९ रसुवा ........................................................................ १९

२.३.१० रामेछाप.................................................................. २०

२.३.११ ललितपुर ................................................................ २०

२.३.१२ सिन्धुपाल्चोक.......................................................... २१

२.३.१३ सिन्धुली.................................................................. २२

२.४ साझा प्रतिवद्धता पत्र जारी................................................. २३

२.५ समापन सत्र..................................................................... २३

अनुसूचीहरु ......................................................................... २४

१)बैठकको कार्यतालिका ............................................................ २४

२. बैठकको निर्णयको रुपमा पारित साझा प्रतिबद्धतापत्र.............................. २६

३ चित्रसूचि............................................................................ २९

४ बैठकमा सहभागि सदस्यहरुको नामवली........................................ ३०

# परिच्छेद एक

## १.१ पृष्ठभूमि र बैठकका उद्देश्यहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०५ को उपदफा (४) बमोजिम प्रदेश समन्वय परिषद्को बैठक वर्षमा एक पटक बस्नुपर्ने प्रावधान रहेको छ। सोही बमोजिम मिति २०७६ जेष्ठ २९ र ३० गते प्रदेश नं. ३ मा प्रदेश समन्वय परिषदको दोस्रो बैठक सम्पन्न भयो ।

ऐनमा भएको प्रावधान परिषाद बैठकका निम्न उद्देश्यहरू रहेका छन् :-

- प्रदेश समन्वय परिषद्का सवै सदस्यको प्रतिनिधिबीच प्रत्यक्ष अन्तरक्रियामार्फत नीतिगत सामञ्जस्यता कायम गर्ने ।
- योजना व्यवस्थापनमा रणनीतिक साझेदारी गर्ने उपायहरु खोजी गर्ने ।
- साझा अधिकारक्षेत्रको विषयमा कानुन निर्माण, सोको कार्यन्वयनमा देखिएका जटिलता एवं भिन्न बुझाईलाई छलफलमार्फत निकास दिने ।
- प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्ने ।

## १.२ प्रतिवेदन तयारीमा अवलम्बन गरिएको विधि

बैठकको सिलसिलामा मुलतः बैठकमै उपस्थित भएर वस्तुस्थितिको प्रत्यक्ष अवलोकन गरी त्यहाँ प्रस्तुत गरिएका विभिन्न कार्यपत्र एवं सहभागीहरुको सुझाव एवं मन्तब्य, अन्तरक्रिया, व्याख्यात्मक प्रस्तुतीकरण आदिको टिपोट समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको हो । यसको अलावा गत वर्षको प्रतिवेदनका साथै सम्बन्धित ऐन कानुनको पनि यस सन्दर्भमा अध्ययन गरिएको छ ।

## १.३ प्रतिवेदन तयारीको सीमा

प्रतिवेदन तयार गर्दा परिषद्का सदस्य प्रतिनिधि र विभिन्न विषय विज्ञहरुले कार्यपत्र प्रस्तुतीहरुलाई प्रमुख आधार मानिएको छ । साथै, सम्बन्धित जिल्लाका स्थानीय तहको सामूहिक छलफल पश्चात आ-आफनो प्रतिनिधिमार्फत पेश भएका सुझावहरुलाई पनि प्रतिवेदनको प्रमुख आधार मानिएको छ।

# परिच्छेद दुई

## २.१ बैठकका क्रियाकलापहरुः पहिलो दिन

### २.१.१ उद्घाटन सत्र

प्रदेश समन्वय परिषदको दोस्रो बैठकको उद्घाटन सत्रको अध्यक्षता माननीय मुख्यमन्त्री डोरमणि पौडेलले गर्नुभएको थियो भने अतिथिको रुपमा मा. सभामुख सानुकुमार श्रेष्ठ, मा.उपसभामुख राधिका तामाङको उपस्थिति थियो । साथै, मा. आन्तरिक मामिला तथा कानून मन्त्री शालिकराम जमकट्टेल, मा.उद्योग पर्यटन वन तथा वातावरण मन्त्री अरुण प्रसाद नेपाल, मा. आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुङ्गेल, मा. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामा, मा. सामाजिक विकास मन्त्री युवराज दुलाल, प्रदेश सरकारका प्रमुख सचिव लगायत परिषद्का सदस्य प्रतिनिधिहरुको पनि उद्घाटन सत्रमा उपस्थिति थियो। यसको अलावा प्रदेश सरकारका कर्मचारीहरु र पत्रकारहरुको समेत उद्घाटन कार्यक्रममा उपस्थिति थियो ।

कार्यक्रममा स्वागत मन्तव्य एवं कार्यक्रमको उद्देश्यमाथी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव श्री आनन्दराज ढकालले प्रकाश पार्नु भएको थियो। उहाँले संविधान एवं कानूनमा भएको व्यवस्था अनुरुप बैठक आयोजना गरिएको, र तीनै तहका सरकारवीचमा सहअस्तित्व, समन्वय र साझेदारीको सिद्धान्त अनुरुप कुशल एवं घनिष्ठ सम्बन्ध स्थापना गर्न, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी एवं साझा अधिकारको चुस्त एवं प्रभावकारी कार्यन्वयनका लागि यो बैठक फलदायी हुने कुरा बताउनुभयो । वहाँले सबै स्थानीय तह एवं प्रदेश सरकारबीच प्रशासनिक संरचना, आर्थिक एवं वित्तिय सम्बन्धका विषयमा, राजनीतिक सवाल एवं विषयमा घनिष्ठ सम्बन्ध स्थापना गर्दै एकले अर्कोको अस्तित्व स्वीकार गर्न सकेमा संघीयताले लिएका परिलक्षित उद्देश्यहरु हासिल गर्न सक्ने कुरा बताउनुभयो।एक वर्षसम्म प्रदेशको आधारशीला तयार गर्नमै वितेको र सो समयमा हाम्रो सम्बन्ध उत्साहपूर्ण भएको नपाइएको, सामाञ्जस्यता कायम नभए जस्तो महशुस भएकोले यो बैठकले त्यस्ता अलमल, द्विविधाहरुलाई चिर्दै सहकार्य र सहअस्तित्वको भावनामा बृद्दि गर्ने कुरा व्यक्त गर्नुभयो।बैठकपश्चात अलमल, असमञ्जस्यता, द्विविधा निरुपणका लागि साझा प्रतिवद्धतापत्र जारी गरिने र सो प्रतिबद्धता पत्र मार्गनिर्देशक सिद्धान्तका रुपमा रहने र कार्यक्रम अवधिभर सम्पूर्णको सक्रिय सहभागिता र रचनात्मक सुझावको लागि अनुरोध गर्नुभयो।

उद्घाटन सत्रमा मन्तव्य दिने क्रममा मा. आन्तरिक मामिला तथा कानून मन्त्री शालिकराम जमकट्टेलले यो बैठकको उद्देश्य स्थानीय निकायबाट सल्लाह सुझाव संकलन गर्ने रहेको र यसले आपसमा भएका वेमेलहरुलाई चिर्ने समेत बताउनुभयो। माग भए बमोजिम नै नीति कार्यक्रम निर्माण गरिएको, केही जटिलता कानून निर्माण र कार्यन्वयन तथा बजेटका विषयमा रहेको तर त्यसले पनि चाँडै निकास पाउने; स्थानीय तह र प्रदेशबीच तालमेल हुन नसकेको, आ-आफूलाई बुझ्ने र व्याख्या गर्ने ढंग फरक रहेको; सेवा प्रवाह, विकास निर्माणमा सहकारिता हुनु पर्नेमा व्यबहारमा नमिलेको देखिएको; बजेट सहजतापूर्वक कार्यन्वयन नभएको; प्रदेश सरकारले निर्माण गर्ने कानून स्थानीय तहमा समेत कार्यन्वयन हुने भएकाले कानून निर्माण गर्दा नबाझिने तरिकाले बनाउनुपर्ने र सो सम्बन्धमा प्रदेश सरकारबाट कानून निर्माण गर्दा स्थानीय तहको सक्रिय सहभागिता आवश्यक रहेको कुरा बताउनुभयो ।

उद्घाटन सत्रकै सिलसिलामा मन्तब्य दिँदै मा. सभामुख सानुकुमार श्रेष्ठले हालसम्मको कामको समिक्षा हुन जरुरी देखिएको, प्रदेश सरकारबाट निर्मित ३१ वटा कानून पारित भइसकेका; बनाइएका कानूनको कार्यन्वयनको प्रतिवद्धता जनाउन आवश्यक रहेको; बनेका नीति तथा कार्यक्रम प्रभावकारी रुपमा लागू गर्न सक्नुपर्ने; Commitment Power को आवश्यकता रहेको; आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरणमा सहकार्य आवश्यक रहेको; यो बैठकको महत्व रहेको तर यसको महत्व घटाउने बढाउने भूमिका सहभागिको नै रहेको समेत जनाउनु भयो ।

उद्घाटन शत्रको अन्त्यमा बैठकको अध्यक्ष माननीय मुख्यमन्त्री डोरमणी पौडेलले विगतको कठिनाईपूर्ण रुपमा गरिएको बैठकको व्यवस्थापनमा सुधार आएको; राजनीतिक परिवर्तन भएको छ तर आफू परिवर्तन हुन नसकेको अवस्था रहेको; आफ्नो भूमिकाबारे स्पष्ट हुन नसकेको; साझा सूचिका बारेमा अन्यौल रहेको; सवैले आफूलाई स्वतन्त्र, स्वयात्त भएका छौं भनि एकले आर्काको सम्मान नगर्ने, अस्तित्व स्वीकार नगर्ने संस्कार पनि रहेको; स्थानीय सरकारले ऐन बनाउने तर प्रदेश सरकारलाई थाहा नै नहुने अवस्था रहेको; बजेट र नीति कार्यक्रम प्रस्तुत गर्ने फरक फरक मिति तोकिएता पनि बजेट र कार्यक्रम दोहोरो पर्ने गरेको अबस्था रहेको; बिकासमा कसैले अवरोध गर्न नहुने कुरा बताउनुभयो। त्यसैगरी उहाँले वैदेशिक सहयोगलाई स्वीकार्ने तर प्रदेशले गर्न खोजेको सहयोगलाई किन नस्विकार्ने भनि प्रश्न समेत गर्नुभयो।त्यसै गरि स्रोतको आधारमा माग गर्ने, योजना र कार्यक्रम तय गर्नुपर्ने; सबै अधुरो छाडेर योजना/कार्यक्रम अलपत्र पार्ने, पूरा नगर्ने अवस्था अब आउन नहुने र सहकार्यका क्षेत्र धेरै हुन सक्छन त्यो क्षेत्रमा काम मिलेर गर्नुपर्ने लगायतका विचारहरु प्रस्तुत गरी उद्घाटन सत्रको अन्त्य गर्नु भएको थियो।

२.१.२ कार्यक्रम सत्र

कार्यक्रम सत्रमा देहाय बमोजिम प्रस्तुतीहरु भएको थियोः-

### १. डा. खिमलाल देवकोटा- उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.खिमलाल देवकोटाले आवधिक योजनाका सम्बन्धमा प्रदेश र स्थानीय तहवीचको पारस्परिक अन्तर्सम्बन्ध र जवाफदेहीता विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले प्रदेश नं ३ का वस्तुस्थितिका बारेमा चर्चा गर्नुभयो। उहाँले प्रदेश नं ३ को जनसंख्या ५५ लाख जुन सम्पूर्ण देशको २१% हिस्सा रहेको, देशको कूल ग्राहस्थ उत्पादनको २१% यही प्रदेशले ओगट्ने, अरु प्रदेशको भन्दा यस प्रदेशको मानव विकास सूचाङ्क सवैभन्दा बढी रहेको; प्रति व्यक्ति आय समेत सवैभन्दा वढी रहेकोले यो प्रदेश सबैभन्दा सम्भावनायुक्त प्रदेश रहेको बताउनुभयो। उहाँले प्रदेशका स्थानीय तहको वस्तुस्थिति विवरण प्रस्तुत गर्दै अव योजना, मध्यकालिन खर्च संरचना, कार्यक्रम आदि बनाउँदा यसप्रति ध्यान दिनु आवश्यक रहेको वताउनुभयो।

### २. ढुण्डी प्रसाद निरौला-सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं ३

प्रदेश नं ३ हेटौंडाका सचिव (प्रशासन) श्री ढुण्डी प्रसाद निरौलाले संघीयताको सवलीकरणका लागि प्रदेश र स्थानीय तहबीच रणनीतिक अन्तरसम्बन्ध विषयको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमा उहाँले प्रदेशको हालको अवस्था, मुख्य मुख्य जिम्मेवारी, प्रशासनिक संरचना दरबन्दी, तीन तहबीच अन्तरसम्बन्ध, कानूनी व्यवस्था र कार्यन्वयन अवस्था, संघ-प्रदेश,प्रदेश स्थानीयर तीनै तहबीचको अन्तरसम्बन्ध र चुनौती र सम्बन्ध सुधारका लागि भावी कार्यदिशा के के हुने विषयमा उजागर गर्नु भएको थियो। कार्यपत्र प्रस्तुतीकै सिलसिलामा उहाँले स्थानीय तह र प्रदेशबीचमा राजनीतिक अन्तरसम्बन्ध, वित्तिय अन्तरसम्बन्ध तथा प्रशासनिक अन्तरसम्बन्धका विषय चर्चा गर्दै हाल प्रदेश र स्थानीय तहवीचमा नीतिगत अलमल, संरचनागत अलमल, कार्यगत अलमल, व्यवहारगत अलमलहरु रहेकाले सबैको सहकार्यमा त्यस्ता अलमल चिर्नु आवश्यक रहेको बताउनुभयो।

### ३. वीर बहादुर राई- सहसचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव श्री वीर बहादुर राईले नेपालमा वालविवाह तथा बालविवाहको विद्यमान अवस्था र कानूनी प्रावधान समसामयिक चुनौती र समाधान विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमार्फत उहाँले बालबालीका सम्बन्धी विद्यमान कानूनी तथा नीतिगत व्यवस्था, राज्य प्रणालीमा बाल संरक्षण संयन्त्र, बालबालिकाको

अधिकार, बाल अधिकार तथा बालकल्याण सम्बन्धी संस्थागत व्यवस्था, नेपालमा वालवालिकाको सम्बन्धमा भएका प्रगति,प्रगतिसँगै चुनौति,वालविवाहको अवस्था, वालविवाह अन्त्यका लागि रणनीति, २०७२ को जानकारी, वालविवाह अन्त्यका लागि भएका प्रयासहरु आदिको वारेमा जानकारी प्रदान गर्नुभएको थियो।

४. <u>खिमलाल देवकोटा- वरिष्ठ अधिवक्ता</u>

वरिष्ठ अधिवक्ता श्री खिमलाल देवकोटाले संविधान र प्रचलित कानून बमोजिम प्रदेशले स्थानीय तहका लागि बनाउनुपर्ने कानून, पारस्पतरिक सम्बन्ध, जिम्मेवारी एवं जवाफदेहीताबारे <u>कार्यपत्र</u> प्रस्तुत गर्नुभएको थियो। उहाँले कार्यपत्रको प्रस्तुतीको क्रममा प्रदेशले बनाउनुपर्ने कानूनको सूचि, सामान्य अवधारणा, संवैधानिक बन्दोवस्त, अधिकारको सूचि र सोको वृस्तृतिकरण, संघ प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा  वनेको विधेयकका मूख्य व्यवस्था, कानून निर्माणको सम्बन्धमा आवश्यक समन्वय र अन्तरसम्बन्धबारे विधेयकको बन्दोवस्तबारे जानकारी, राष्ट्रिय प्राकृतिक स्रोत तथा  वित्त आयोग ऐन, २०७४ मा भएका विविध व्यवस्था, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएका विविध प्रावधानहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु तथा केही व्यवहारीक पक्षसहितका विषयमा चर्चा गर्नुभएको थियो।

यसरी उद्घाटन शत्रका मन्तब्य तथा विभिन्न विषयविज्ञका प्रस्तुती सहित परिषद् बैठकको पहिलो दिन अर्थात जेठ २९ गतेका सम्पूर्ण कार्यक्रम समापन भएका थिए।

दोस्रो दिनका क्रियाकलापहरु

बैठकको दोस्रो दिन पनि कार्यक्रम सत्र नियमित भएको थियो । दोस्रो दिन देहाय बमोजिम कार्यपत्र प्रस्तुत भएको थियो।

**बालानन्द पौडेल- अध्यक्ष, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले वित्तिय हस्तान्तरण, राजश्व परिचालन र प्राकृतिक स्रोतको बाँडफाँडमा अन्तरनिर्भरता र समन्वय विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।उहाँले कार्यपत्र प्रस्तुतीका क्रममा संघीयताका सम्बन्धमा संवैधानीक एवं कानूनी व्यवस्था, तीन तहको वित्तिय स्रोत, वित्तिय हस्तान्तरणका बारेमा चर्चा गर्दै वित्तिय संघीयताका चार वटा स्तम्भहरु खर्चको बाँडफाँड, राजश्वको बाँडफाँड, अन्तर सरकार वित्तिय हस्तान्तरण र ऋणका बारेमा चर्चा गर्नुभयो।त्यसै गरी उहाँले

वित्तिय संघीयताका विषयमा भएका विविध संवैधानिक व्यवस्था, कानूनी व्यवस्था आदिका बारेमा जनाकारी दिदै वित्तिय हस्तान्तरणका प्रकारका बारेमा समेत चर्चा गर्नुभयो। उहाँले राजश्वको बाँडफाँडको आधारको सम्बोधन, राजश्व बाँडफाँडको ढाँचा,राजश्व बाँडफाँडको तरिका आदि विषयमा चर्चा गर्नुभएको थियो। उहाँको कार्यपत्रको समाप्ती पश्चात कार्यपत्र सत्रको अन्त्य भएको थियो।

## २.३ सहभागिहरुको जिज्ञासा तथा सुझावहरु

प्रदेश समन्वय परिषदका सबै सदस्यहरु; ११९ स्थानीय तहका प्रमुख तथा उपप्रमुख सबैको जिज्ञासा एवं सुझाव संकलन गर्न समय व्यवस्थापनका कारण व्यावहारिक नभएकोले कार्यक्रम सत्रका अध्यक्ष मा. आन्तरिक मामिला तथा कानून मन्त्री शालिकराम जमकट्टेलको सुझाव अनुसार सम्बन्धित जिल्लाका स्थानीय प्रतिनिधिमध्ये एक जिल्ला एक प्रतिनिधिका आधारमा १३ जिल्लाका १३ प्रतिनिधि, उप-प्रमुखमध्येबाट १ जना तथा नगरपालिका संघ तथा गाउँपालिका संघका तर्फबाट १ जना गरी कुल १६ जना प्रतिनिधिले जिज्ञासा एवं सुझावहरु प्रस्तुत गर्नुभएको थियो।

सो क्रममा व्यक्त भएका जिज्ञासाहरुको सार जिल्लागत रुपमा देहाय बमोजिम छः

### २.३.१ काठमाडौं

काठमाडौ जिल्लाका ११ स्थानीय तहको प्रतिनिधित्व गर्दै बुढानिलकण्ठ नगरपालिकाका नगर प्रमुख श्री उद्धव खरेलले सुझाव एवं जिज्ञासा राखु भएको थियो। उहाँले प्रस्तुत गर्नु भएको जिज्ञासा र सुझावको सार देहाय बमोजिम छः-

- प्रदेश र स्थानीय तहबीच योजना निर्माण मा दोहोरो पार्न नहुने कुरामा सचेत रहनु पर्ने;
- स्थानीय तहको एकल अधिकार प्रयोगमा कटौती हुने कुरामा प्रदेशले सहयोग पुर्याउनुपर्ने;
- टेण्डरबाट योजनामा वचत रकम पुनः स्थानीय तहमा खर्च गरिने व्यवस्था हुनुपर्ने;
- योजना स्वीकृत भएका बाहेक बिचमा थप योजना वितरण गर्ने नीति लिन नहुने। थप गरिएका योजनाको जानकारी स्थानीय तहलाई दिनुपर्ने;
- बजेटको प्रतिलिपि र कार्यदिशको जानकारी छिटो स्थानीय तहमा पठाउनु पर्ने;
- प्रदेशमा छनौट हुने योजनाहरु अनिवार्य स्थानीय तहबाट प्रमाणित भएको मात्र स्वीकृत हुनुपर्ने;

- प्रदेश, जि.स.स र स्थानीय तहको संयुक्त अनुगमन मूल्याङ्कन संयन्त्र प्रभावकारी बनाउनुपर्ने;
- योजना अनुरुप पुल, स्वास्थ्य संस्था, पार्कहरु, तालिम तथा रोजगार केन्द्र, पर्यटन पूर्वाधार बनाउने क्षेत्रमा योजना छनौट गरिनुपर्ने;
- जिल्लाभरी रहेका स्थानीय तहहरुलाई समेट्ने महत्वपूर्ण योजना छनौट गर्नुपर्ने;
- प्रदेशले समस्या भएका स्थानीय तहको प्रशासनिक पूर्वाधार व्यवस्थित बनाउन प्राथमिकतापूर्वक सहयोग पुऱ्याउनुपर्ने;
- गत बर्ष भन्दा यस वर्षको प्रदेश समन्वय परिषदको वैठक व्यवस्थापनमा सुधार भएको तर वैठक वैशाख अन्तसम्ममा गर्ने व्यवस्था मिलाउन सके धेरै राम्रो हुने;
- वैठकमा प्रस्तुत भएको विषय र निर्णयहरुको प्रति सवै स्थानीय तहमा पठाइनुपर्ने;
- स्थानीय तहका प्रतिनिधिहरुको सेवा सुविधा भत्ताको सम्बन्धमा व्यवहारीक निर्णय गर्न आवश्यक रहेको;

### २.३.२ काभ्रेपलाञ्चोक

काभ्रेपलाञ्चोक जिल्लाका १३ स्थानीय तहको प्रतिनिधि गर्दै महाभारत गाउँपालिकाका अध्यक्ष श्री कान्छालाल जिम्बाले सुझाव एवं जिज्ञासा राखु भएको थियो। उहाँले प्रस्तुत गर्नु भएको जिज्ञासाका सार देहाय वमोजिम छः-

- बैठक अभिमूखिकरण कार्यक्रम जस्तो भयो;
- नीतिगत समस्या के के छन् ? निरुपणतर्फ बैठक उन्मुख होस;
- स्थानीय तहसँगको सुझाव संकलनबिना नीति तथा कार्यक्रम आइसक्यो, यस्तो गर्नुभएन;
- स्थानीय तहबाट पठाइएका योजना समेत नीति तथा कार्यक्रममा समावेश हुन आवश्यक छ;
- संघीय सरकारले गर्ने विकासका योजनाहरु के के हुन् नीतिगत रुपमा स्पष्ट हुनु पर्यो। जस्तै दुई प्रदेश जोड्ने विकास योजनाहरु, राष्ट्रिय गौरवका योजनाहरु आदि;
- जिल्लास्थित खारेज भएका कार्यालयहरु यो वा त्यो बहानामा संविधान र संघीयताको भावना विपरित जनप्रतिनिधिहरूलाई छल्ने ढंगबाट स्थापना भई स्थानीय तहहरुको योजना र भावना विपरित अर्को सरकारको भान हुने गरी कार्यरत रहेको (अधिकांश प्रादेशिक र डिभिजन कार्यालयहरु) । यो कार्यहरु स्थानीय तहबाट सञ्चालन हुनुपर्ने;
- योजना छनौट गर्दा पहुँचको आधारमा मात्र समावेश हुने गरेको । यस्तो अवस्था रहेमा निमुखा र पहुँच नहुने जनताहरुको पछौटेपन कायम रहने;

- कर्मचारी समायोजनको नाममा भएका कर्मचारीहरु समेत अन्यत्र कार्यालयहरुमा लगेर स्थानीय तहका कार्यालयहरुमा कर्मचारी अभाव भएकाले प्रभावकारी कार्यसम्पादन हुन नसकेकोले यथाशिघ्र कर्मचारी राख्ने व्यवस्था स्थानीय तहबाटै हुने गरी कानून निर्माण गरिनु पर्ने;
- प्रदेश सरकारले बजेट बाँडफाँड गर्दा जनसंख्यालाई मात्र आधार नबनाईकन मानव विकास सूचाकांङ्क, भौगोलिक विकटता, क्षेत्रफल तथा दुर्गमताका आधारमा प्राथमिकता दिनुपर्ने;
- जिल्ला समन्वय समितिका सवालमा संविधानमा निर्देशन भए बमोजिम गर्ने;
- कतिपय स्थानीय तहहरुको लेखा परीक्षणको क्रममा नगरसभा तथा गाउँ सभा र बैठकमा भत्ताहरु वेरुजु राखीएकोले एकरुपता ल्याउनुपर्ने;
- जनप्रतिनिधिहुरुको सेवा सुविधा सम्बन्धी कानूनलाई संशोधन गरी मर्यादाक्रम अनुसार सेवा सुविधाको व्यवस्था हुनुपर्ने।

### २.३.३ चितवन

चितवन जिल्लाका स्थानीय तहको प्रतिनिधि गर्दै राप्ती नगरपालिकाका प्रमुख श्री प्रभा बरालले सुझाव एवं जिज्ञासा राख्नु भएको थियो।उहाँले प्रस्तुत गर्नु भएको सुझाबको सार देहाय बमोजिम छः-

- संघ प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेर काम गर्नुपर्दछ। साझा सवालमा बसेर छलफल गरी निर्णयमा पुग्नु राम्रो हुन्छ;
- सहकार्य, समन्वय र सहअस्तित्व संविधानको भावना र मर्म अनुसार तीनवटै सरकार अगाडि बढ्नुपर्दछ;
- चितवनका सवै ठूला, मझौला र साना नदीहरुको तटबन्धन गर्ने योजना प्रदेश सरकारले बनाउनुपर्छ;
- एक पालिका एक खेल ग्राम, एक पालिका एक उद्योग ग्राम, एक ग्राम एक पन्ध्र शैयाको अस्पताल बनाउन प्रदेश सरकारले विशेष ध्यान दिनु पर्ने र सो सम्बन्धमा तत्काल कार्यन्वयन गर्नुपर्दछ;
- संघ, प्रदेश र स्थानीय तहको वजेट कहाँ कहाँ विनियोजन गर्ने क्षेत्र र बजेट सिलिङ प्रष्टसँग छुट्टयाइदिनुपर्ने;
- विद्यालयका कार्यालय सहयोगी, बालकक्षाका शिक्षक शिक्षिकाको न्यूनतम पारिश्रमिक प्रदेशले वृद्धि गर्नुपर्यो;
- स्थानीय तहमा कर्मचारीको समस्या छ। यो समस्या समाधान गर्न प्रदेश सरकारलाई ध्यानाकार्षण गराउँदछौं;

- नि.मा.वि र मा.वि. मा दरबन्दीको व्यवस्था गर्नु पर्दछ;
- स्वयंसेविकाहरुको योगदानलाई सम्बोधन प्रदेशबाट गर्नुपर्ने;
- सुकुम्बासी र ऐलानीमा बसेका जनताको सम्बोधनमा सरकारले तत्काल पहल गरोस;
- चितवनको नदीजन्य पदार्थको मूल्य अत्यन्त महंगो भएको हुँदा उचित मूल्यको व्यवस्था गर्नको लागि अनुरोध गर्दछौं;
- आर्थिक उत्पादन गर्ने ठूला उद्योगहरु जनता, स्थानीय तह र प्रदेश सरकारको लागत सहभागितामा खोल्नुपर्दछ।

२.३.४ दोलखा

दोलखा जिल्लाका ९ वटा स्थानीय तहको प्रतिनिधि गर्दै जिल्ला समन्वय समिति दोलखाका प्रमुख श्री डवल पाण्डेले सुझाव एवं जिज्ञासा राख्नु भएको थियो। उहाँले प्रस्तुत गर्नु भएको सुझाबको सार देहाय बमोजिम छः-

- संघीयताको मर्म र भावना विपरित प्रदेश सरकारले स्थापना गरेका कार्यालयहरुको पूनःसंरचना गर्नुपर्ने। यसका लागि पहिलो विकल्पका रुपमा स्थानीय तहमा नै इकाइहरु समायोजन हुनुपर्यो; दोस्रो विकल्पका रुपमा जिल्लामा केन्द्रीत रहनुपर्यो र तेस्रो विकल्पका रुपमा प्रदेश राजधानीमै राख्नुपर्यो;
- गाउँ सभा/नगर सभा/जिल्ला सभाबाट पारित गरी प्रोजेक्ट वैङ्कको रुपमा प्राथमिकिकरण गरी योजनाहरुमा मात्र प्रदेश सरकारले बजटेमा समावेश गर्ने, व्यक्तिले टिपाइएको योजना हुन नहुने;
- कम्तीमा १ करोडभन्दा माथिका योजना मात्र प्रदेश सरकारद्वारा सञ्चालन गर्ने। सोभन्दा साना योजनाहरु पालिकालाई नै जिम्मेवारी दिनुपर्ने;
- बजेट सिमा तोक्नुपर्ने;
- सशर्तभन्दा समानिकरण अनुदान स्थानीय तहलाई बढी उपलब्ध गराउँदा राम्रो हुने;
- प्रदेश सरकारबाट पालिकालाई उपलब्ध गराइने विकास बजेट आ.व को प्रथम चौमासिकमा नै उपलब्ध गराउँदा कार्यनवयन गर्न राम्रो हुने;
- विभिन्न आयोजना हरुको DPR निर्माण गर्दा आवश्यक वजेट स्थानीय तहलाई हस्तानतरण गर्नुपर्ने। प्रदेशबाट भएका परामर्शदाताहरुले तल स्थानीय तहसँग समन्वय नगरेकाले दोहोरीने सम्भावना रहेको;
- प्रदेश सरकारबाट सञ्चालन गरिने आयोजनाहरुको डिजाइन/लागत अनुमान लगायतका प्राविधिक कार्यहरु स्वयं प्रदेश कार्यालयहरुले गर्नुपर्यो।

- पालिकाहरुको संरचना, वडा कार्यालयहरुको भवनहरु, पर्या-पर्यटनमा आधारित संरचनाहरु, खेल मैदान, चिडियाखान, हेली प्याड, मिनि एयरपोर्ट निर्माण गर्दा विद्यमान वन ऐन वाधक भएकाले प्रदेश वन ऐनमा स्पस्ट उल्लेख गर्नुपर्ने;
- दोलखाको जिरी नगरपालिकामा रहेको जिल्ला अस्पताल ५१ शैयाको निर्माणाधिन चरणमा रहेको छ। त्यसको सम्पूर्ण व्यवस्थापन प्रदेश सरकारले गर्नुपर्यो। साथै सदरमुकाममा रहेको प्रस्तावित चरिकोट अस्पतालको स्तरवृद्धी गरी (१०० वेडको) प्रदेश सरकारले गर्नुपर्यो।
- जिल्ला सदरमुकाममा आश्रयको लागि Safe House को आवश्यकतालाई ध्यानमा राखी प्रदेश सरकारबाट निर्माण गरी सञ्चालन गर्ने व्यवस्था गरिनुपर्ने;
- महालेखाबाट गरिएको लेखा परीक्षणमा टोली नै पिच्छे फरक फरक मापदण्ड/विधि अपनाइयो।त्यो ठिक भएन। स्थानीय तहले गरेको खर्चमा एउटै प्रकृतिमा पनि कुनै टोलीले बेरुजु देखाउछ कुनै टोलीले वेरुजु देखाउदैन;
- प्रदेश सरकार प्रदेश सभा सदस्य र पदाधिकारीको पारिश्रमिक सुविधा ऐनको दफा १० मा चाडपर्व खर्चको व्यवस्था छ। स्थानीयलाई खै?

### २.३.५ धादिङ

धादिङ जिल्लाका स्थानीय तहको प्रतिनिधि गर्दै धुनीवेशी गाउँपालिकाका अध्यक्ष श्री बालकृष्ण आचार्यले सुझाव एवं जिज्ञासा राखु भएको थियो।उहाँले प्रस्तुत गर्नु भएको वुझावका सार देहाय वमोजिम छः-

- प्रदेशको समग्र विकासको लागि शिक्षा, स्वास्थ्य, युवा तथा खेलकूद, महिला तथा वालवालिका, भाषा संस्कृति लगायत सामाजिक विकासका आयामहरुको विकास अपरिहार्य देखिन्छ;
- कर्मचारीको व्यवस्था छिटो गरिदिनु पर्यो;
- स्थानीय तहमा कर्मचारीको शिघ्र व्यवस्थापन गर्नुपर्यो;
- न्यायिक समितिलाई प्रभावकारी बनाउन कानून अधिकृत सहितको इजलासको व्यवस्था यथाशिघ्र प्रदेश सरकारले गरिदिनुपर्यो;
- प्रदेशका विषयगत कार्यालयहरुको समन्वयकारी भूमिका होस;
- स्थानीय तहको कार्यालय भवन निर्माण गर्न प्रदेशले समन्वय गरोस।जग्गा प्राप्तिको प्रकृया झन्झटिलो भयो;
- प्रदेशका योजना पालिकासँग समन्वय गरी कम्तिमा २/३ वटा जति देखिने योजना ल्याओस;
- खुद्रे योजनामा प्रदेश नअल्मलियोस;

- समानिकरण अनुदान समयमै स्थानिय निकायमा पठाइयोस;
- बाझो जमिन भाडामा दिएर प्रयोगमा ल्याउने वातावरण मिलाइओस;

### २.३.६ नुवाकोट

नुवाकोट जिल्लाका स्थानीय तहको प्रतिनिधि गर्दै तार्केश्वर नगरपालिकाकी उपाध्यक्ष श्री तारादेवी रिमालले सुझाव एवं जिज्ञासा राखु भएको थियो। उहाँले प्रस्तुत गर्नु भएको सुझावको सार देहाय बमोजिम छः-

- साझा अधिकारका विषयमा छिटोभन्दा छिटो कानून बनाउन समन्वय गर्न आवश्यक, कानून तर्जुमा गर्न ढिलाई भएकाले समस्या उत्पन्न भएको;
- बजेट बिनियोजन र कर्मचारी व्यवस्थापन गर्दा स्थानीय निकाय सँग प्रदेश सरकारसँग समन्वय गर्नुपर्यो;
- स्थानीय तहमा न्याय सम्पादनको लागि एक जना कानून अधिकृत र इजलास व्यवस्थापन प्रदेशले गर्नुपर्ने;
- प्रदेशले बजेट विनियोजन पूर्व बजेट कार्यान्वयनको कार्यविधी उपलब्ध गराउनुपर्ने र फेरबदल भएमा १५ दिन अगावै जानकारी हुनुपर्ने;
- जिल्लामा भएका विभिन्न प्रदेशका कार्यालयहरु स्थानीय तहमा पठाउनुपर्ने;
- बहुवर्षिय योजना निरन्तरताको लागि अख्तियारी प्राप्त हुनुपर्ने र सो बजेट स्थानीय तहमा नै रहनुपर्ने;
- स्थानीय तहका पदाधिकारीहरुको बैठक भत्ता सम्बन्धित ऐनमा संशोधन गरी व्यवस्था गरिनुपर्ने;
- न्यायिक समितिलाई शसर्त अनुदान उपलब्ध गराउने व्यवस्था हुनुपर्ने;
- कर र गैर कर यथाशिघ्र एकिन हुन पर्ने;
- त्रिशुली अस्पताल अस्तव्यस्त भएकाले यथाशिघ्र जनशक्ति व्यवस्थापन तर्फ ध्यान दिनु पर्ने

### २.३.७ भक्तपुर

भक्तपुर जिल्लाका स्थानीय तहको प्रतिनिधित्व गर्दै  भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिले सुझाव एवं जिज्ञासा राखु भएको थियो। उहाँले प्रस्तुत गर्नु भएको सुझावको सार देहाय बमोजिम छः-

- बैठक प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुनुभन्दा १५ दिन अगाडि बस्नुपर्थ्यो;

- बैठक अन्तरक्रियात्मक हुनुपर्नेमा अलि बढी प्राज्ञिक लाग्यो;
- प्रदेश ३ को बजेट २६ प्रतिशतमात्रै खर्च भएको सुनिएको छ। यसको कारणबारे समीक्षा गरेर आगामी वर्षको बजेट बनाउनुपर्ने;
- संघ र प्रदेश आ-आफ्नो क्षेत्रभित्र रही नीति निर्माणमा केन्द्रीत भएर विकास बजेट स्थानीय तहमा पठाउने व्यवस्था गरियो भने आजकोभन्दा विकास तीव्र गतिमा अगाडि बढ्ने ;
- स्थानीय तह बलियो भए प्रजातन्त्र बलियो हुन्छ। केन्द्रको अधिकार प्रदेशसम्म मात्रै लगाउने सोच गाउँ गाँउमा सिंहदरबार पुर्याउने नारा विपरित छ;
- सांसदहरु विकासे कार्यकर्ताको रुपमा सक्रिय हुनु उचित होइन;
- स्थानीय तहको आवश्यकतालाई प्राथमिकता दिएर तहको क्षमता समेतलाई ध्यानमा राखेर बजेट विनियोजन हुन आवश्यक छ;
- प्रदेशको सन्तुलित विकास हाम्रो साझा उद्देश्य हुनुपर्दछ। साझा उद्देश्यका लागि संविधानको भावना अनुसार स्वयत्तता हुनुपर्छ।काठमाडौं केन्द्रित विकासलाई देशको सन्तुलित विकासमा रुपान्तरण गर्नु हो ।सा-साना कामको लागि नेता वा मन्त्रीहरुको चाकडी गर्नुपर्ने प्रथाको अन्त्य गर्नु हो;
- प्रदेश र स्थानीय तह केन्द्रको मातहतमा चल्ने, निर्देशन पालना गर्ने इकाई होइनन।केही समयअघि प्रम ओलीले प्रदेश र स्थानीय तहलाई संघको इकाइको रुपमा व्याख्या गर्नु भयो। त्यसमा आपत्ति छ;
- आम्दानी जति गुठीले संकलन गर्ने, चाडपर्व, जात्रा-संस्कृति सञ्चालनमा ध्यान नदिने हुँदा गुठी संस्थाहरुलाई खारेज गर्नुपर्दछ;
- सरकार ठेकेदारको घेरामा छ। कमसल निर्माण गरेर देशको ढुकुटी लुटिरहेको ठेकेदारसामु सरकारले आत्मसमर्पण गर्यो। यसले राम्रो गर्दैन;
- प्रदेश भरी हाम्रा सम्पदाहरु धेरै छन्। प्रदेश सरकारले उचित बजेट र काठ सहज उपलब्ध हुने व्यवस्था गर्नुपर्छ;
- सम्पदाको मौलिकता जोगाउने हो भने स्थानीय जनताकै उपभोक्ता समितिमार्फत काम गर्न दिन आवश्यक छ।उपभोक्ता समितिमार्फत काम गराउँदा सम्पदाप्रति अपनत्व कायम हुने, मौलिक स्वरुपको संरक्षण हुने र स्थानीयले रोजगारी पाउने हाम्रो अनुभव छ।
- योजना बनाउँदा ५ करोड रुपैयाँभन्दा कमको स्थानीय तहले २५ करोड रुपैयाँसम्म प्रदेशले र २५ करोड रुपैयाँमाथिको योजना संघले गर्ने गरेको खण्डमा योजनाहरुको कुनै अस्पस्टता हुदैन;

### २.३.८ मकवानपुर

मकवानपुर जिल्लाका स्थानीय तहको प्रतिनिधित्व गर्दै भिमफेदी गाउँपालिकाका अध्यक्ष श्री हिदम लामाले सुझाव एवं जिज्ञासा राखु भएको थियो। उहाँले प्रस्तुत गर्नु भएको जिज्ञासाको सार देहाय बमोजिम छः-

- स्थानीय तह र प्रदेशको विकासको मापदण्डमा एकरुपता बनाउनुपर्यो;
- योजना कार्यान्वयनको कार्यविधि समयमै पुगोस;
- प्रदेश सरकार र स्थानीय तहको बजेट ल्याउने समय अन्तर प्रयाप्त चाहियो;
- क्रसर उद्योग सञ्चालनको मापदण्ड बनाइयोस;
- लोकसेवाको विज्ञापन तत्काल लागू गर्ने पहल गरियोस;
- स्थानीय तहले बनाएको मापदण्ड अनुरुप प्रदेशले काम गर्न पर्ने कि नपर्ने?
- प्रदेशले आफ्नो संरचना कहिले सम्म तयार गर्दछ ?

### २.३.९ रसुवा

रसुवा जिल्लाका स्थानीय तहको प्रतिनिधित्व गर्दै गोसाइकुण्ड गाउपालिकाका अध्यक्ष श्री सीताकुमारी पौडेल अधिकारीले प्रस्तुत गर्नु भएको जिज्ञासा र सुझावको सार देहाय बमोजिम छः-

- खानेपानी डिभिजन धादिङमा भएकाले लाङटाङ सम्मका जनतालाई धेरै गाह्रो भयो;
- प्रदेश मन्त्रालय अन्तरगतका पूर्वाधार विकास कार्यालयमा ससर्तमा पठाइएका योजनाहरु गाउँपालिकालाई थाहा नदिई कामको बारेमा बुझ्न जाँदा उल्टै अधिकार नभएको भनेर कर्मचारीले जनप्रतिनिधिलाई समेत थर्काएको अवस्था छ,
- कृषि ज्ञान केन्द्र जिल्लामै स्थापना गर्नुपर्ने;
- न्यायिक समितिलाई व्यवस्थापन गर्नुपर्ने;
- स्थानीय तहमा न्यायिक समितिको बैठक को भत्ता र गाउँ कार्यपालिकाको बैठक भत्तामा भिन्नता किन?
- प्रदेश सरकारबाट सञ्चालन भएको योजनाको अनुगमन गाउँपालिकाको अनुगमन समितिले गर्नु पर्ने कि नपर्ने ?
- नापी तथा मालपोत कार्यालयहरु स्थानीय तहमा नै व्यवस्था हुनुपर्ने;
- प्रदेश नं ३ भर भूमिको समस्या समाधान गर्न पुनः नापी गरिनुपर्ने;
- न्यायिक समितिलाई कार्य सम्पादन गर्न अधिकृत स्तरको कर्मचारी तथा अन्य व्यवस्थापनलाई प्रेरणा दिनुपर्ने;
- जनप्रतिनिधिहरुको पारिश्रमिक र मर्यादाक्रमलाई ध्यान दिनुपर्ने;

- प्रदेशको बजटे र कार्यक्रम पछी परेका क्षेत्रलाई मध्यनजर गरी समानुपातकि ढंगले वितरण होस;
- गोसाइकुण्ड केबलकार गोसाईकुण्डको धुन्चेदेखी नै हुनु पर्ने र सम्बन्धित गाउँपालिकालाई संलग्न गराउनुपर्ने;
- रसुवाको स्थानिय तहको आफ्नै जग्गा नभएको हुँदा गाउँपालिकाको केन्द्र तोकी कार्यालय बनाउन ज्यादै समस्या भएको छ;
- लेखापरीक्षण व्यवस्थित भएन, कर्मचारीको मनोमानी भयो।

## २.३.१० रामेछाप

रामेछाप जिल्लाका वटा स्थानीय तहका प्रतिनिधि खाँडादेवी गाउँपालिकाका अध्यक्ष श्री प्रेम तामाङ्ले प्रस्तुत गर्नु भएको सुझावको सार देहाय बमोजिम छः-

- योजना छलफलको जानकारी सहित समावेश गराउनुपर्ने;
- सुख्खाग्रस्त क्षेत्रलाई उचित निराकरण गर्नुपर्ने;
- मुख्यमन्त्रीले स्थानीय तहका प्रमुखहरु  राजा जस्तो भएको भन्ने कुराको विरोध र शब्द फिर्ता लिन माग;
- आधारभूत स्वास्थ्य सेवा सम्बन्धी ऐनमा आधारभूत स्वास्थ्य संस्था दर्ता प्रदेशमा गर्नुपर्ने व्यवस्था गरिनुले स्थानीय तहको अधिकार हस्तक्षेप भएको;
- ढुंगा, गिट्टीको राजश्व बाँडफाँड(६०/४०) ठीक भएन सवै स्थानीय तहमा हुनुपर्ने;
- हिजोको स्थानीय निकायलाई जस्तो अहिलेको स्थानीय तहलाई व्यवहार गरियो;
- पहिलेकै जस्तो सांगठनिक संरचनाले निरन्तरता पाइरहेको;
- रामेछाप जिल्लामा विशेष खालका योजना आउनुपर्दछ।

## २.३.११ ललितपुर

ललितपुर जिल्लाका स्थानीय तहको प्रतिनिधित्व गर्दै महांकाल नगरपालिकाका प्रमुख श्री रामचन्द्र दाहालले देहाय बमोजिम सुझाव एवं जिज्ञासा राख्नु भएको थियो :-

- प्रदेश समन्वय परिषदको बैठक समय अनुकुल भएन। नीति कार्यक्रम तथा बजेट बनाउनु अगावै हुनुपर्ने;
- बैठक बैठक जस्तो भएन। यो कार्यकारी बैठक हुनुपर्यो।मन्त्रालयका मन्त्री, विभिन्न समितिको प्रतिनिधि र परिषद् सदस्यहरुको विच छलफल हुनुपर्छ;
- योजना तर्जुमा बजेट बिनियोजन संस्थागत हुनुपर्यो। समयमा नै बजेट निकासा गर्नुपर्यो;

- सार्वजनिक जग्गामा कुनै संरचना बनाउनको लागि बजेट विनियोजन गर्दा जग्गाको अवस्थिति निक्यौंल गरेर मात्रै बजेट विनियोजन हुनुपर्ने;
- सरकारी भवन बनाउनको लागि सार्वजनिक जग्गामा उपलब्ध हुने व्यवस्था गर्नुपर्ने;
- प्रदेश सरकारबाट विनियोजन गरिएका ठूला योजना बहुवर्षिय हुनुपर्ने;
- जनसहभागिताको विषयमा तीनवटै सरकारमा एकरुपता हुनुपर्ने;
- जनप्रतिनिधिको सेवा सुविधामा अन्य प्रदेशको तुलनामा कमी रहेकोले कानूनमा संशोधन हुनुपर्ने;
- सहकार्य, सहअस्तित्व र समन्वय भन्ने शव्दावली प्रदेशमा लागू नभएको;
- सदरमुकाम देखी स्थानीय तह सम्म जोड्ने बाटो निर्माणमा स्थानीय सहभागिता हुनुपर्ने;
- न्यायिक समितिमा कानून अधिकृतको व्यवस्था हुनुपर्ने। साथै न्याय सम्पादन कार्यमा प्रदेश सरकारले बनाएको कानून बमोजिमको समयानुसार कार्य सम्पादनको समय सिमा नपुग भएकाले बढीमा आठ पटकसम्म भत्ता सिमा बढाउनु पर्ने;
- स्थानीय तहका जनप्रतिनिधिको सचिवालय बनाउनुपर्ने। सो कार्यको लागि प्रदेश सरकारले कानूनमा व्यवस्था गर्नुपर्ने । साथै प्रमुख उप-प्रमुख, अध्यक्ष र उपाध्यक्षलाई स्वकीय सचिवको व्यवस्था गर्नुपर्ने;
- जनसंख्याको आधार मानेर कार्यक्रम बनाउँदा २०६८ को जनगणना लाई आधार बनाउँदा स्थानिय तहमा मर्का पर्न गएकोले स्थानीय तहको जनगणनालाई मान्यता दिनुपर्ने र त्यसको लागि प्रदेश सरकारले कानूनी व्यवस्था गर्नुपर्ने;
- तत्काल स्थानीय सरकारको भवन निर्माणको लागि सार्वजनिक जग्गा/सरकारी जग्गाको व्यवस्था गर्ने;
- सामुदायिक वन र सरकारी वनको सम्बन्धमा स्थानीय सरकारको अनुमति विना सामुदायिक वनहरु उपभोक्ता समितिहरुलाई दिन पाउने व्यवस्था होस;
- विशेष बजेट निकाशा हुँदा साथमा कार्यविधि सँगै पठाइयोस।

### २.३.१२ सिन्धुपाल्चोक

सिन्धुपाल्चोक जिल्लाका स्थानीय तहको प्रतिनिधित्व गर्दै मेलम्ची नगरपालिकाका प्रमुख श्री डम्बर बहादुर अर्यालले सुझाव एवं जिज्ञासा राख्नु भएको थियो। उहाँले प्रस्तुत गर्नु भएको सुझावको सार देहाय बमोजिम छः-

- प्रदेश सरकारबाट विनियोजित साना परियोजनाहरुको कार्यान्वयन सम्बन्धित पालिकाहरुमै गर्नु पर्ने;

- अनेकौ डिभिजनको नाममा स्थापना हुदै गरेका विभिन्न कार्यालयहरु बन्द गरी प्रभावकारी कार्यन्वयनका लागि स्थानीय तहमा शाखाको रुपमा विकास गर्नुपर्ने;
- सार्वजनिक जमिनहरुको उपयोग गर्ने अधिकार सम्बन्धित पालिकाहरुलाई दिनु पर्ने;
- सडकहरुको पहिचान गरी संघ, प्रदेश र स्थानीयतहलाई जिम्मेवारी विभाजन गर्नुपर्ने;
- ऐतिहासिक गुम्बा, मन्दिर, खेलकूद, सिँचाई खानेपानीका योजनाहरु अन्यौलमा छन् किनिकि सम्बन्धित कार्यालयहरुले पालिकाहरुलाई जानकारी सूचिहरु हस्तानतरण गरेका छैनन;
- प्रदेशको नीति तथा कार्यक्रममा पालिका प्रशासकिय भवन वडा कार्यालयहरु निर्माण प्राथमिकतामा नरहेको;
- राष्ट्रिय निकुञ्ज शिवपुरी, लाङटाङ,गौरीशंकर संरक्षित क्षेत्रबाट संकलित राजश्व सम्बन्धित पालिकालाई नै प्रदान गर्नुपर्ने;
- न्यायिक समितिले सम्पादन गरेको मुद्दाहरुको शुल्कदर वृद्धि गरिनुपर्ने;
- निर्वाचित जनप्रतिनिधिहरुले लिएको वैठक भत्तामा लगाएको वेरुजु खारेज गरि जनप्रतिनिधिहरुलाई व्यवस्था गरिएको बैठक भत्ताको निरन्तरता गर्नु पर्ने;
- जनप्रतिनिधिहरुको नयाँ मर्यादाक्रम अनुसारको सुविधा व्यवस्था गर्नु पर्ने र मर्यादा नतोकिएकाहरुको मर्यादाक्रम अविलम्ब तोकिनुपर्ने;
- जिल्ला सिमा विवादको समस्या समधान गर्न तुरुन्त टोली खटाई समधानको प्रयास गर्नुपर्ने;
- कृषि भेटेरनरीको प्रविधिकको अभाव भएको हुँदा सो को व्यवस्था गर्नु पर्ने;
